धनगढी उपमहानगरपालिका

**DHANGADHI SUBMETROPOLITAN CITY**

नगर कार्यपालिकाको कार्यालय

**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल

Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स. रा. ०८३।०८४

च.नं.

विषय: बगर खेती कार्यक्रमका लागि लागि सिलबन्दी दरभाउ पत्र पेश गर्ने सम्बन्धी सूचना।

प्रथम पटक प्रकाशित मिति:२०८३/५/२३

धनगढी उपमहानगरपालिका क्षेत्र भित्र रहेका तपसिलका नदीहरुमा बगर खेती कार्यक्रम संचालन गर्नको नदीको बगर बहालमा बहालमा दिने निर्णय भएको हुंदा इच्छुक व्यक्ति, (नेपाली नागरिक) फर्म वा कम्पनीहरूबाट सूचनामा उल्लेखित शर्तहरूको अधिनमा रहने गरी ७ (सात) दिन भित्र सिलबन्दी दरभाउ पत्र पेश गर्न हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलका शर्तहरू

१. ठेक्काको न्यूनतम बढाबढ अंक बहाल कर सहित तपसिल बमोजिम कायम गरिएको छ।

| प्याकेज न. | नदीको नाम/ वडा न. | क्षेत्रफल | ठेक्काको न्यूनतम वार्षिक रकम (बहाल कर सहित) |
|---|---|---|---|
| १. | खुटीया नदी ७ बेली | २५ कट्ठा | ३००००/- |
| २. | खुटीया नदी १२ | १५ कट्ठा | २५०००/- |
| ३. | खुटीया नदी १५ हुलाकी रोड | २५ कट्ठा | ६१६५०/- |
| ४. | मोहना नदी २ | २० कट्ठा | २५५००/- |
| ५ | शिवगगा नदी १६ र १७ | १५ कट्ठा | १५०००। |

२. ठेक्काको अवधि ठेक्का स्वीकृत भई सम्झौता गरेको मितिबाट २०८४ असार मसान्त सम्म हुनेछ।

३. फर्म वा कम्पनीहरुले ठेक्का प्रकृयामा समावेश हुनका लागि धनगढी उ.म.न.पा मा फर्म वा कम्पनीको दर्ता तथा नविकरणको प्रमाण पत्र र आ.व. ०८१।०८२ को आन्तरिक राजश्व कार्यालयको कर चुक्ता प्रमाण पत्र पेश गर्नु पर्नेछ। व्यक्तिको हकमा यो लागु हुने छैन।

४. दरभाउ पत्र फाराम प्रति प्याकेज टेन्डर दस्तुर बापत रु. १०००।– (एक हजार मात्र फिर्ता नहुने गरी) बुझाई यस उपमहानगरपालिकाको राजस्व शाखाबाट खरिद गर्न सकिने छ।

अधिकृत स्तर आठौं

धनगढी उपमहानगरपालिका
**DHANGADHI SUBMETROPOLITAN CITY**
नगर कार्यपालिकाको कार्यालय
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**
धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश, नेपाल
Dhangadhi, Kailali, Sudurpashchim Province, Nepal

प.स. रा. ०८३।०८४
च.नं.

५. सूचना प्रकाशित मितिबाट ८ औं दिन दिनको १२.०० बजे भित्र दरभाउ पत्र कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ । रितपूर्वक दर्ता हुन आएका दरभाउ पत्र सोही दिन दिउंसो २.०० बजे सम्बन्धित व्यक्ति, फर्म/कम्पनी वा निजले तोकेको प्रतिनिधिको रोहवरमा खोलिने छ । तर सम्बन्धित व्यक्ति, फर्म/कम्पनी वा निजले तोकेका प्रतिनिधिहरू उपस्थित नभएमा पनि दरभाउ पत्र खोल्न बाधा पर्ने छैन ।

६. दरभाउ पत्र दर्ता गर्दा दरभाउ पत्र दाताले आफुले कबोल गरेको बार्षिक ठेक्काअंकको ५ प्रतिशत रकम यस कार्यालयको राष्ट्रिय वाणिज्य बैंकको धरौटी खाताको हि.न. ४१७०१००३०३००००२ मा जम्मा गरेको भौचर वा सो रकम बराबर को १२० दिन म्याद भएको नेपाल राष्ट्र बैकबाट “क“ वर्ग को मान्यता प्राप्त वाणिज्य बैंकको बैंक जमानत पत्र (विडबण्ड) पेश गर्नुपर्नेछ ।

७. बगर बहालमा लिने व्यक्ति वा संस्थाले बगर खेतीका लागि सम्झौता गर्दा आफूले कबोल गरेको रकम एकमुष्ट जम्मा गर्नु पर्नेछ ।

८. बोलपत्र खरिद गर्ने अन्तिम दिन र खोल्ने दिन सार्वजनिक विदा पर्न गएमा सो बिदा पछि कार्यालय खुलेको दिन सो सम्बन्धि कार्य गरिनेछ ।

९. कुनै पनि फर्म वा कम्पनीको दरभाउ पत्र स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा निहित रहने छ । साथै उचित प्रतिस्पर्धा भएको नपाईएमा यस कार्यालयबाट पुनः सूचना प्रकाशित गर्न सकिनेछ

१०. यस सूचनामा उल्लेख नभएका कुरा दुबै पक्षबीच हुने सम्झौता एंब कार्यालयको निर्णय र प्रचलित ऐन,कानून बमोजिम हुनेछ । साथै कुनै विवाद उत्पन्न भएमा कार्यालयको निर्णय नै अन्तिम हुनेछ ।

११. यो सूचना धनगढी उपमहागरपालिकाको वेवसाइट dhangadhimun.gov.np बाट पनि हेर्न सकिनेछ र थप जानकारीका लागि यस कार्यालयको राजस्व शाखामा सम्पर्क गर्न सकिने छ ।

अधिकृत स्तर आठौं

# धनगढी उपमहानगरपालिका नगर कार्यपालिकाको कार्यालय, धनगढी, कैलाली, सुदूरपश्चिम प्रदेश ।

**दरभाउपत्र दस्तुर रु. १०००।**

| प्रति प्याकेज/ सि.न. | बगर खेतीका लागि नदीको बिवरण र वडा न. | ठेक्काका लागि न्युनतम बढाबढ मूल्य बहालकर सहित | कवोल गरेको वार्षिक कुल रकम ( बहाल कर सहित ) | | |
|---|---|---|---|---|---|
| | | | अंकमा रु | अक्षरमा रु | धरौटी रकम |
| १ | खुटीया नदी ७ बेली | ३००००/- | | | |
| २ | खुटीया नदी १२ | २५०००/- | | | |
| ३ | खुटीया नदी १५ हुलाकी रोड | ६१६५०/- | | | |
| ४ | मोहना नदी २ | २५५००/- | | | |
| ५ | शिवगगा नदी १६ र १७ | १५०००। | | | |

बहाल लिनेको तर्फबाट

नामः

ब्यक्ति,फर्म वा कम्पनीको नामः

ठेगानाः

दस्तखतः

फोन नं.

धनगढी उप-महानगरपालिका नगर कार्यपालिकाको कार्यालय धनगढी, कैलाली सुदूरपश्चिम प्रदेश, नेपाल

अधिकृत स्तर आठौं